यो आकाशवाणी हो

प्रस्तुत छन् प्रमुख समाचार

- प्रधानमन्त्री मोदीले आज ब्रासीलियामा राष्ट्रपति लुइज इनासियो लूला दा सिल्वासित वार्ता गर्नुहुने
- कार्बन उत्सर्जन कम गर्न र राष्ट्रिय राजमार्गलाई पर्यावरण अनुकूल बनाउन सरकारको पहल
- भाजपाद्वारा पश्चिम बंगाल पुलिसमाथि छात्रासित भएको सामूहिक दुष्कर्म मामिलामा निष्पक्ष जाँच नगरेको आरोप
- निष्क्रिय प्रधानमन्त्री जन-धन खाता बन्द गर्ने निर्देश नदिएको सम्बन्धमा वित्त मन्त्रालयको स्पष्टिकरण अनि
- मोदी सरकारको संरचनात्मक सुधार र नीतिगत उपायले भारतीय अर्थव्यवस्था सशक्त बन्दैगरेको भाजपाको भनाइ

अब समाचार विस्तारमा

- **PM Brasilia**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज ब्राजीलको राजधानी ब्रासीलियामा राष्ट्रपति लुइज इनासियो लूला दा सिल्वासित वार्ता गर्नुहुनेछ। यस अवसरमा दुवै देशबीच व्यापार, रक्षा, ऊर्जा र अन्तरिक्षसहित विभिन्न क्षेत्रमा आपसी सम्बन्धमाथि चर्चा हुनेछ। यसपछि धेरै समझौतामा हस्ताक्षर हुने पनि आशा छ। यसअघि, श्री मोदी सत्रऔं ब्रिक्स शिखर सम्मेलनका लागि रियो डी जेनेरोको धेरै उपयोगी र लाभकारी यात्रा पूरा गरेपछि हिजो राती ब्रासीलिया पुग्नुभयो।

यसैक्रममा, प्रधानमन्त्री पाँच देशको यात्राको अन्तिम चरणमा भोली नामीबियाको राजधानी विन्डहोक पुग्नुहुनेछ। उहाँको यो यात्रा नामीबियाका राष्ट्रापति नेतुम्बोध नन्दी नेतवाहको निमन्त्रणमा भइरहेछ। श्री मोदीले उहाँको साथमा द्विपक्षीय वार्ता गर्नका साथै प्रतिनिधिमण्डल स्तरको बातचीत पनि गर्नुहुनेछ। प्रधानमन्त्रीले नामीबियाको संसदलाई सम्बोधन गर्नुहुनेछ अनि नामीबियाका संस्थापक तथा पहिलो राष्ट्रपति डाक्टर स्याम नुजोमालाई श्रद्धाञ्जली अर्पण गर्नुहुनेछ। श्री मोदीको यो पहिलो र भारतबाट कुनै पनि प्रधानमन्त्रीको तेस्रो नामीबिया यात्रा हुनेछ, जुन सत्ताइस वर्षको अन्तराल पछि भइरहेछ।

---------------------------------------X---------------------------------------

- **Plantation Campaign Gadkari**

सरकारले कार्बन उत्सर्जन कम गर्न र राष्ट्रिय राजमार्गहरूलाई पर्यावरण अनुकूल बनाउन धेरै पहल गरिरहेछ। देशमा अहिलेसम्ममा राष्ट्रिय राजमार्गहरूमा चार करोड़ अठहतर लाखभन्दा अधिक विरूवा लगाइसकिएको छ अनि सत्तरी हजारभन्दा अधिक विरूवा प्रत्यारोपण गरिएको छ। केन्द्रिय सड़क परिवहन तथा राजमार्ग मन्त्री नितिन गड़करीले फरीदाबाद-नोएडा अन्तरराष्ट्रिय विमानास्थल परिसरमा आज एक पेड़ माँ के नाम 2.0 अभियानअन्तर्गत विरूवा रोपणपछि एउटा जनसभालाई सम्बोधन गर्दै यो कुरा भन्नुभयो। श्री गड़करीले भन्नुभयो............
उहाँले भन्नुभयो, वर्ष 2024-25-मा साठ्ठी लाख विरूवा लगाउने लक्ष्य थियो, जबकि राष्ट्रिय राजमार्ग छेउमा सड्सट लाख विरूवा लगाइयो, जुन लक्ष्यको एक सय बाह्र प्रतिशत हो।

---------------------------------------X---------------------------------------

- **BJP Kolkata Rape Case**

भारतीय जनता पार्टीले पश्चिम बंगाल पुलिसमाथि कलकत्तामा छात्रासित भएको सामूहिक दुष्कर्म मामिलामा निष्पक्ष जाँच नगरेको आरोप लगाएको छ। यस मामिलाको जाँचका लागि भाजपाद्वारा गठित समितिले पार्टी अध्यक्ष जगत प्रकाश नड्डालाई बुझाएको रिपोर्टमा यो कुरा भनेको छ। भाजपा नेता तथा समितिका सदस्य सत्यपाल सिंहले नयाँ दिल्लीमा भन्नुभयो, पुलिसले तथ्यलाई छेड़खानी गरेको छ। उहाँले आरोप लगाउँदै भन्नुभयो, मामिलाका मुख्य आरोपीको नाम प्राथमिकिबाट हटाइएको छ। श्री सिंह भन्नुहुन्छ.....

भाजपाको चार सदस्यीय समितिले मामिलाको स्वतन्त्र न्यायिक जाँचको सिफारिश गरेको छ।

---------------------------------------X---------------------------------------

- **PM-Jan Dhan**

वित्त मन्त्रालयले स्पष्टरूपमा भनेको छ, ब्याङ्कहरूले निष्क्रिय प्रधानमन्त्री जन-धन खाताहरू बन्द गर्ने कुनै निर्देश दिएको छैन। मन्त्रालयले एउटा वक्तव्यमा भनेको छ, निष्क्रिय जन-धन खातहरूमाथि ध्यान दिइन्छ अनि ब्याङ्कहरूसित खाता धारकहरूलाई खाता सक्रिए गर्न सम्पर्क गर्ने सल्लाह दिइन्छ। मन्त्रालयले भनेको छ, जन-धन खातको संख्यामा बढ़ोत्तरी भइरहेछ र आफू समक्ष ठूलो संख्यामा निष्क्रिय खाताहरू बन्द भएको कुनै मामिला आएको छैन। मन्त्रालयले यो पनि भनेको छ, जन-धन योजना खाता, जीवन ज्योति बीमा योजना, अटल प्यान्शन योजना र दोस्रो कल्याणकारी योजनालाई अझ लोकप्रिय बनाउन तीन महिनाको अभियान चलाइँदैछ।

---------------------------------------X---------------------------------------

- **Wave-Art Bridge Challenge**

सूचना एवं प्रसारण मन्त्रालयले आफ्नो **Wave X Startup Accelerator Platform**-को माध्यमबाट कला सेतु **Real Time Language Tech for Bharat** प्रतियोगिता शुरू गरेको छ। यस राष्ट्रव्यापी पहलले भारतका अग्रणी **AI** स्टार्टअपलाई भारतीय भाषाहरूमा पाठ्य सामग्रीबाट अडियो, भिडियो र ग्राफिक सामग्री निर्माणका लागि स्वदेशी समाधान विकसित गर्न आमन्त्रित गर्दछ।

यसका लागि तीस जुलाईसम्म कला सेतु चुनौती पोर्टलको माध्यमबाट पञ्जीकरण र आवेदन गर्न सकिन्छ। यही भाषा सेतु चुनौती श्रेणीअन्तर्गत बाहीस जुलाईसम्म आफ्नो आवेदन जम्मा गराउन सकिन्छ।

---------------------------------------X---------------------------------------

- **BJP-Indian Economy**

भारतीय जनता पार्टीले भनेको छ, विगत एघार वर्षमा नरेन्द्र मोदी नेतृत्वाधिन सरकारको संरचनात्मक सुधार र नीतिगत उपायका कारण भारतीय अर्थव्यवस्था सशक्त बन्दैछ। भाजपा प्रवक्ता जफर इस्लामले नयाँ दिल्लीमा मिडियालाई सम्बोधन गर्दै यो कुरा भन्नुभयो। उहाँले विश्व ब्याङ्कको एउटा प्रतिवेदनको उल्लेख गर्दै भन्नुभयो, आय समानतामा वैश्विक स्तरमा भारतलाई चौथो स्थान दिइएको छ र यो गर्वको कुरा भयो।

श्री जफर इस्लामले भन्नुभयो, भारतलाई वर्ष 2014-मा पहिला एउटा कम्जोर अर्थव्यवस्था मानिन्थ्यो, तर अब भारतको विदेशी मुद्रा भण्डार धेरै बढ़ेको छ। उहाँले भन्नुभयो, निर्यातको मामिलामा भारतको कुल निर्यात वित्त वर्ष 2024-25-मा लगभग आठ सय चौबीस अरब डलरको ऐतिहासिक उच्च स्तरमा पुगेको छ।

---------------------------------------X---------------------------------------

- **Delhi- Cabinet meeting**

दिल्लीकी मुख्यमन्त्री रेखा गुप्ताको अध्यक्षतामा आज मन्त्रीमण्डलको बैठक बस्यो। क्याबिनेट मन्त्री मनजिन्दर सिंह सिरसाले भन्नुभयो, बैठकमा राजधानीलाई विकसित, स्वच्छ, सुरक्षित र स्मार्ट बनाउन धेरै अहम निर्णयहरूमाथि विचार-विमर्श भयो। उहाँले भन्नुभयो, यो बैठक केवल नीतिको समीक्षा मात्र नभएर विकसित भारत-विकसित दिल्लीको लक्ष्य साकार गर्ने एउटा ठोस पहल हो।

---------------------------------------X---------------------------------------

- **Delhi- Kapil Mishra**

दिल्लीका विकास मन्त्री कपिल मिश्राले आज ग्यास पाइप लाइन सुविधाका लागि दिल्ली सचिवालयमा इन्द्रप्रस्थ ग्यास एजेन्सीका अधिकारीहरूसित उच्च स्तरीय बैठक गर्नुभयो। बैठकमा विकास मन्त्रीले अधिकारीहरूलाई करावल नगरमा ग्यास परियोजना चाड़ो लागू गर्ने निर्देश दिनुभयो। एउटा सोशल मिडिया पोस्टमा श्री मिश्राले भन्नुभयो, यस सन्दर्भमा यदि कहीँ पनि जमीन सम्बन्धित समस्या आयो भने स्थानीय निवासी कल्याण संघको सहयोगमा समाधान गरिनेछ। उहाँले भन्नुभयो, पाइप नेचुरल ग्यासको माध्यमबाट करावल नगरमा प्रत्येक घरसम्म स्वच्छ र प्रभावी ऊर्जाको उपलब्धता सुनिश्चित गर्न सकिनेछ।

---------------------------------------X---------------------------------------

- **Hajj Application**

हज समितिले हज 2026-का लागि आवेदन प्रक्रिया शुरू गरेको छ। हज यात्रीले आधिकारिक हज पोर्टल वा हज सुविधा मोबाइल एपको माध्यमबाट आफ्नो आवदेन जम्मा गर्न सक्नेछन्। अल्पसंख्यक मामिला मन्त्रालयले एउटा बयानमा भनेको छ कि अनलाइन आवेदन विन्डो, एकतीस जुलाईसम्म खुल्ला रहनेछ। आवेदकसित आवेदनको अन्तिम मिति वा यसअघि जारी गरिएको भारतीय पासपोर्ट हुन अनिवार्य छ अनि त्यो कम्तिमा एकतीस दिसम्बर 2026-सम्म वैध हुनुपर्छ।

समितिले आवेदकहरूलाई आवेदन गर्नअघि आफ्नो तयारीमाथि गम्भीरताका साथ विचार गर्ने सल्लाह दिएको छ। मृत्यु वा गम्भीर चिकित्सा स्थितिलाई छाड़ेर आवेदन रद्द गरिएमा जरिवाना लाग्नेछ अनि वित्तीय नोक्सानी हुनसक्छ।

---------------------------------------X---------------------------------------

- **Kenya Protests**

केनियामा सुरक्षा बल तथा सरकार विरूद्ध प्रदर्शन गरिरहेका प्रदर्शनकारीबीच झड़पमा दशजनाको मृत्यु हुनका साथै उन्तीसजना घाइते भए। मिडिया रिपोर्टकाअनुसार हिजो सैंतीसजनालाई पक्राउ गरियो। लूटपाटको घटनाबीच व्यवसायिक प्रतिष्ठान बन्द छन्। सरकारी कार्यालयहरूमा आगजनीको घटना भयो। सड़क अवरोधका कारण यातायात र स्वास्थ्य सेवा बाधित भएको छ। राष्ट्रिय मानवाधिकार आयोगले पुलिसमाथि न्यायालयको आदेशको अवमानना गरेको आरोप लगाएको छ।

---------------------------------------X---------------------------------------

- **Texas Flood**

अमेरीकाको टेक्सास राज्यमा अचानक आएको बाढ़ीका कारण कम्तिमा एक सय चारजनाको मृत्यु भयो अनि एक्चालीसजना निखोज छन्। समाचारमा बताइएअनुसार अधिक्तम मृत्यु केर काउन्टीमा भयो, जहाँ नदी किनारस्थित महिलाहरूको शिविरमा बाढ़ी आयो। यसमा धेरै नानीहरूको ज्यान जानका साथै धेरैजना निखोज छन्। यो घटना शुक्रवार बिहान त्यस समयमा भयो, जब गुआडाल्यूजप नदीको जलस्तर केवल पैंतालीस मिनटमा छब्बीस फीट बड्यो।

---------------------------------------X---------------------------------------

- **Pakistan Fire**

पाकिस्तानको पेशावर शहरमा लागेको भीषण आगोमा कम्तिमा पाँचजनाको मृत्यु भयो अनि दुईवटा दमकलकर्मीहरू समेत धेरै अन्य घाइते भए। पुलिसले बताएअनुसार शहरको कोच्चि बजारको बाक्लो जनसंख्या भएको क्षेत्रमा हिजो राती एउटा घर आगोको चपेटमा आएको थियो।

---------------------------------------X---------------------------------------

प्रमुख समाचार पुनः एकपल्ट

- प्रधानमन्त्री मोदीले आज ब्रासीलियामा राष्ट्रपति लुइज इनासियो लूला दा सिल्वासित वार्ता गर्नुहुने
- कार्बन उत्सर्जन कम गर्न र राष्ट्रिय राजमार्गलाई पर्यावरण अनुकूल बनाउन सरकारको पहल
- भाजपाद्वारा पश्चिम बंगाल पुलिसमाथि छात्रासित भएको सामूहिक दुष्कर्म मामिलामा निष्पक्ष जाँच नगरेको आरोप
- निष्क्रिय प्रधानमन्त्री जन-धन खाता बन्द गर्ने निर्देश नदिएको सम्बन्धमा वित्त मन्त्रालयको स्पष्टिकरण अनि
- मोदी सरकारको संरचनात्मक सुधार र नीतिगत उपायले भारतीय अर्थव्यवस्था सशक्त बन्दैगरेको भाजपाको भनाइ